प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

शैक्षिक योजना तथा अनुसन्धान महाशाखा

प.सं. :- ०८१।०८२
च.नं. :- 963

मिति :- २०८१।०६।०९
ने.सं. ११४४ चलागा ८ बुधबार

विषय :- जानकारी तथा प्रचारप्रसार सम्बन्धमा ।

श्री महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका / गाउँपालिका सबै (१३७ वटा)
कोशी प्रदेश ।

प्रस्तुत विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा सञ्चालित २४ महिने औद्योगिक प्रशिक्षार्थी कार्यक्रम प्रि-डिप्लोमा तह अप्रेन्टीशीपसम्बन्धी विस्तृत जानकारी र भर्ना सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । निःशुल्क अध्यापन हुने यस कार्यक्रममा अध्ययन गर्न चाहने सम्बन्धित सरोकारवालाहरूसमक्ष सूचना प्रचारप्रसारको व्यवस्थाका लागि अनुरोध छ ।

..............................
दामोदर फुयल
महाशाखा प्रमुख

वेबसाइटः- www.mosd.koshi.gov.np इमेलः- mosd@koshi.gov.np फोन नं.:- ०२१-५३६१८४

ENSSURE

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

## सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रम सम्बन्धी आ.व. २०८१/०८२ को कार्यक्रम सम्बन्धि जानकारी

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारको द्विपक्षीय सम्झौताबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा कार्य गर्ने गरी स्थापित **दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना** (ENSSURE) प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मार्फत सञ्चालनमा रहेको छ । यस परियोजनाको मुख्य कार्यक्रमको रूपमा सम्बन्धित उद्योगको सहकार्यमा विभिन्न शिक्षालय/ विद्यालय मार्फत आर्थिक वर्ष २०७९/०८० देखि अप्रेन्टिशीप कार्यक्रम कार्यान्वयनमा छ । आर्थिक वर्ष २०७९/०८० मा विभिन्न १० वटा शिक्षालयबाट सातवटा विषयमा यो कार्यक्रम सम्पन्न हुने चरणमा रहेको छ; आर्थिक वर्ष २०८०/०८१ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट स्वीकृत विभिन्न आठवटा विषयमा १३ वटा शिक्षालयहरूबाट यो कार्यक्रम सञ्चालन भइरहेको छ । साथै चालु आर्थिक वर्ष २०८१/०८२ बाट विभिन्न आठवटा विषयमा ११ वटा शिक्षालयहरूबाट यो कार्यक्रम सञ्चालन हुनेछ ।

१. औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रमसम्बन्धी जानकारी

क. अप्रेन्टिशीप प्रि-डिप्लोमा कार्यक्रम २४ महिना अवधिको हुन्छ र सो अवधिमा प्रशिक्षार्थीहरूले ३.५ महिना शिक्षालयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्दछन् भने १९.५ महिना पेशासँग सम्बन्धित उद्योग/व्यवसायमा कार्यस्थलको अनुभव सहित प्रयोगात्मक अभ्यासवाट सीप आर्जन गर्दछन् । यो अवधिमा हप्ताको १ दिन शिक्षालयमा आएर थप सीप सिक्नु पर्दछ । त्यस्तै प्रशिक्षार्थीले अन्तिम १ महिना पुनः शिक्षालयमा नै फर्केर सिक्न बाँकी रहेको ज्ञान र सीप सिक्ने तथा परीक्षाको तयारी गर्दछन् ।

ख. अप्रेन्टिशीप कार्यक्रमको २४ महिनामा शिक्षालय र उद्योग/व्यवसायबाट संयुक्त रूपमा ६/६ महिनामा तीन पटक आन्तरिक मूल्याङ्कन हुनेछ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) परीक्षा नियन्त्रण कार्यालयले अन्तिम मूल्याङ्कन गरी उत्तीर्ण प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्ने गर्दछ।

ग. अप्रेन्टिशीप कार्यक्रम शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा सिकिने भएकाले यस कार्यक्रमलाई दोहोरो सिकाई प्रणाली (Dual VET) पनि भनिन्छ । शिक्षालयमा प्रशिक्षार्थीहरूले सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्दछन् भने उद्योग/व्यवसायको अनुभवी जनशक्तिको प्रत्यक्ष मातहतमा दैनिक उत्पादन प्रक्रियामा सहभागी हुँदै सीप र कार्यस्थलको अनुभव समेत प्राप्त गर्दछन ।

घ. अप्रेन्टिशीप कार्यक्रममा समावेस हुनको लागि १६ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनु पर्दछ, भने शैक्षिक योग्यताको हकमा SLC वा SEE मा सहभागी भएको हुनु पर्दछ ।

ङ. सामान्यतयाः प्रशिक्षार्थीहरूले औद्योगिक अभ्यासको अवधिमा दिनको आठ घण्टा काम गर्नुपर्ने भएपनि उद्योग/व्यवसायले आवश्यक परेको खण्डमा आपसी समझदारीमा केही समय हेरफेर गर्न सक्नेछ । दैनिक कार्य समय उद्योग/व्यवसायको आवश्यक्तानुसार तय हुनेछ ।

च. प्रशिक्षार्थीहरूले औद्योगिक अभ्यासको क्रममा नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिकको कम्तिमा २५% प्रोत्साहन स्वरूप प्रत्येक महिना उद्योग/व्यवसायबाट प्राप्त गर्दछन्।

छ. उत्तीर्ण भएका प्रशिक्षार्थीहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बाट प्रि-डिप्लोमा तहको प्रमाणपत्र प्राप्त गर्दछन्

ज. **यो कार्यक्रम निःशुल्क रहेको हुनाले प्रशिक्षार्थीहरूले शिक्षालयमा शुल्क तिर्नु पर्दैन ।**

झ. छनौट भएका प्रशिक्षार्थीहरूले सम्बन्धित शिक्षालयबाट यातायात खर्च वापत प्रतिप्रशिक्षार्थी प्रतिहाजिरी दिन रु. १००/- र वार्षिक एकपटक पोशाक वापत खर्च प्राप्त गर्नेछन् ।

ञ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट स्वीकृत नर्म्स बमोजिमको कार्यक्रम सञ्चालन खर्च सामाजिक विकास मन्त्रालयबाट सम्बन्धित शिक्षालयमा निकासा हुनेछ ।

ट. अप्रेन्टीशीप कार्यक्रमका लागि प्रशिक्षार्थी छनौट, भर्ना र सञ्चालन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट स्वीकृत **प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टीशीप) प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका - २०७९** बमोजिम हुनेछ ।

ठ. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुरबाट स्वीकृत भएका विषयमा अप्रेन्टीशीप कार्यक्रम सञ्चालन हुनेछ ।

ड. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट मिति २०८१।०६।०४ गतेको गोरखापत्रमा यो कार्यक्रमको आवेदन फारम भर्ने सम्बन्धी सूचना प्रकाशित भएको छ । सूचना CTEVT को वेबसाइट https://www.ctevtexam.org.np वा https://www.enssure.org.np वा https://mosd.koshi.gov.np मा पनि हेर्न सकिनेछ ।

ढ. थप जानकारिका लागि परियोजना सहयोग इकाइको फोन नं. ०२१-४६४५०४ वा सम्बन्धित शिक्षालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

ण. देहायमा उल्लिखित विषयमा तोकिएका शिक्षालयहरू मार्फत अप्रेन्टीशीप कार्यक्रम सञ्चालन हुनेछ ।

२. आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयहरूमा अप्रेन्टिशीप कार्यक्रम सञ्चालन हुने शिक्षालयहरूको विवरण

| क्र.स. | शिक्षालयको नाम | ठेगाना | पढाई हुने विषय | कोटा | सम्पर्क व्यक्ति | सम्पर्क न. |
|---|---|---|---|---|---|---|
| | आदर्श माध्यमिक विद्यालय | बिराटनगर महानगरपालिका | Information Technology | ३० | इन्द्र बहादुर चौहान | ९८५२०२७४३७ |
| | | | Early Childhood Development Facilitator (ECDF) | ३० | | |
| २. | शैलजा आचार्य स्मृति पोलिटेक्निक | जहदा गाउँपालिका | Information Technology | २० | सन्त बहादुर अधिकारी | ९८०२७२२२०९ |
| ३. | नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान | इटहरी, उपमहानगर पालिका | Hotel Management | ३० | बहादुर शिंह तामांङ | ०२५५८०७३३ |
| ४. | राष्ट्रिय माध्यमिक विद्यालय | इटहरी उपमहानगर पालिका | Early Childhood Development Facilitator (ECDF) | २० | सरन बस्नेत | ९८५२०४२९९९ |
| ५. | मनमोहन स्मृति पोलिटेक्निक | बुधिगंगा गाउँपालिका | Mechanical Engineering | २० | लोचनराज न्यौपाने | ०२१६९१०९६ |
| | | | Automobile Engineering | २० | | |
| | | | Electrical Engineering | २० | | |
| | | | Information Technology | २० | | |
| ६. | मोहनमाया माध्यमिक विद्यालय | बिर्तामोड नगरपालिका | Early Childhood Development Facilitator (ECDF) | ३५ | शेर बहादुर श्रेष्ठ | ९८२४०१२०२६ |
| ७. | कन्काई पोलिटेक्निक | कन्काई नगरपालिका | Information Technology | ३० | खगेन्द्र मिश्र | ९८५२६३०११३ |
| | | | Building Construction | २० | | |
| ८. | पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान | दमक नगरपालिका | Information Technology | ३० | यम बहादुर राई | ९८५२६७०५१७ |
| ९. | गणेशमानशिंह प्रतिष्ठान | शिवसताक्षी नगरपालिका | Information Technology | २० | आदित्य मेहेता | ९८०१४४९६५६<br>९८०८८८८६१० |
| १०. | रत्न कुमार वान्तवा बहुप्राविधिक शिक्षालय | इलाम नगरपालिका | Tea Technology | ३० | होम नाथ अधिकारी | ९८४८०२६५१५ |
| ११. | दुर्गा माध्यमिक विद्यालय | उर्लाबारी नगरपालिका | Building Construction | २५ | सुमन अधिकारी | ९८५२०४२२८८ |

१. आवेदन फाराम साथ सम्बन्धित शिक्षालयमा पेस गर्नुपर्ने आवश्यक कागजातहरू:

क. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रङ्गीन फोटो,

ख. SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

२. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रमः

क. आवेदन फाराम वितरण गर्ने मिति : २०८१ असोज ४ गते देखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थान : सम्बन्धित शिक्षालयहरू वा परिषद्को वेबसाइट https:/www.ctevtexam.org.np वा https://www.enssure.org.np बाट डाउनलोड गरी फाराम निःशुल्क भर्ना सकिनेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८१ असोज १८ गतेसम्म ।

घ. लिखित प्रवेश परीक्षा हुने मिति र समय : २०८१ कार्तिक ३ गते, शनिबार, बिहान ८:०० बजे

ङ. लिखित प्रवेश परीक्षा संचालन हुने स्थान : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू

च. अन्तरर्वार्ता हुने मिति र समय : २०८१ कार्तिक ३ गते, शनिबार, दिउँसो १:०० बजे सुरू हुने

छ. अन्तरर्वार्ता संचालन हुने केन्दहरू : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू

३. औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः

क. निःशुल्क अध्ययनको अवसर।

ख. यातायात खर्च वापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १००/- का दरले उपलब्ध हुने।

४. उत्तीर्ण सुचिमा रहने प्रशिक्षार्थीका सम्बन्धमाः

लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमका लागि सम्मिलित भएको हो त्यहि कार्यक्रममा मात्र योग्यता क्रमानुसार भर्ना हुन सक्नेछ । तर अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन।

नोटः विद्यार्थी छनौट प्रकृयामा सफल गरोँई अध्ययनको अवसर प्रदान गराइ दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनौट प्रकृया मर्यादित एवं निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा CTEVT को प्रदेश कार्यालय इटहरी-सुनसरी र CTEVT को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ । यो सूचना CTEVT को वेबसाइट, https://www.ctevtexam.org.np वा https://www.enssure.org.np वा https://mosd.koshi.gov.np मा पनि हेर्न सकिनेछ।

| कार्यान्वयनः | थप जानकारीको लागि सम्पर्कः | | प्राविधिक सहयोगः |
|---|---|---|---|
| प्रदेश सरकार<br>सामाजिक विकास मन्त्रालय<br>कोशी प्रदेश, विराटनगर | सामाजिक विकास मन्त्रालय<br>फोन नं.: ९८४२०७०९९८<br>विराटनगर | परियोजना सहयोग इकाइ<br>फोन नं.: ०२१-४६३५०४<br>विराटनगर | HELVETAS NEPAL |

महाशाखा प्रमुख

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

## परीक्षा नियन्त्रण कार्यालय

**सानोठिमी, भक्तपुरको**

# प्रि-डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा नि:शुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

**(सूचना प्रकाशित मिति : २०८१।०६।०४ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखाको समन्वयमा शैक्षिक सत्र २०८१/०८२ मा नि:शुल्क सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालीम **(Apprenticeship)** कार्यक्रममा देहाय बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधीनमा रही प्रवेश परीक्षा लिई भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालीम **(Apprenticeship)** कार्यक्रम सञ्चालन अनुमति प्राप्त देहायका आङ्गिक, साझेदार तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनोट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवेदन फाराम भर्न भराउनुहुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

**१. आवश्यक योग्यता:**

क. एस.एल.सी. वा एस.ई.ई. परीक्षामा सहभागी (पाठ्यक्रम समितिको मिति २०८१।०४।०४ गतेको निर्णय अनुसार)।
ख. तालीम लिन इच्छुक व्यक्ति सम्बन्धित तालीम/प्रशिक्षणका लागि मानसिक र शारीरिक रूपमा सक्षम हुनुपर्नेछ।
ग. कम्तीमा १६ वर्ष पूरा भएको नेपाली नागरिक हुनुपर्नेछ।
घ. दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेशी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस पत्र हुनुपर्नेछ।

**२. परीक्षार्थी छनोटको आधार :**

योग्य र इच्छुक आवेदकहरू मध्येबाट समग्र मूल्याङ्कन १०० पूर्णाङ्कमध्ये (आवेदन फाराम **मूल्याङ्कन**–२०, उद्योग/व्यवसायको सिफारिस पत्र २०, लिखित प्रवेश परीक्षा–३० र अन्तर्वार्ता –३०) प्राप्ताङ्कको योगफल तथा कार्यक्रम र कोटाका आधारमा न्यूनतम ३५ अङ्क प्राप्त गर्ने परीक्षार्थी योग्यता क्रमानुसार छनोट हुने व्यहोरा अनुरोध छ। साथै यस सम्बन्धी विस्तृत विवरण "**प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालीम (अप्रेन्टिसिप)- प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०७९ (संशोधन सहित)**" मा व्यवस्था भए बमोजिम प्रशिक्षार्थी छनोट, भर्ना र मूल्याङ्कन गर्नु गराउनुहुन अनुरोध छ। सो निर्देशिका **https://www.ctevtexam.org.np** वा **https://www.enssure.org.np** वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

**३. शैक्षिक सत्र २०८१/०८२ का लागि औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालय/प्रतिष्ठान तथा कार्यक्रम र स्वीकृत कोटा सम्बन्धी विवरण:**

क) प्रदेश सरकारहरू (कोशी प्रदेश विराटनगर, मोरङ, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, बागमती प्रदेश, हेटौँडा, मकवानपुर, गण्डकी प्रदेश, पोखरा, लुम्बिनी प्रदेश, देउखुरी, दाङ, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली) मार्फत सञ्चालन हुने औद्योगिक प्रशिक्षार्थी तालीम **(Apprenticeship)** कार्यक्रम अन्तर्गतका शिक्षण संस्थाहरू:

**कोशी प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | मनमोहन स्मृति पोलिटेक्निकि इन्स्टिच्युट, बूढीगङ्गा गा.पा., मोरङ | साझेदार | Pre-diploma in Mechanical Engineering | २० |
| | | | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Electrical Engineering | २० |
| | | | Pre-diploma in Information Technology | २० |
| २ | कन्काई पोलिटेक्निक इन्स्टिच्युट, कन्काई न.पा., झापा | साझेदार | Pre-diploma in Information Technology | ३० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ३ | शैलजा आचार्य मेमोरियल पोलिटेक्निक, जहदा गा.पा., मोरङ | साझेदार | Pre-diploma in Information Technology | २० |
| ४ | गणेशमानसिंह प्रतिष्ठान पोलिटेक्निक, शिवसताक्षी न.पा., झापा | साझेदार | Pre-diploma in Information Technology | २० |
| ५ | पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान, दमक न.पा., झापा | साझेदार | Pre-diploma in Information Technology | ३० |
| ६ | नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बहुप्राविधिक शिक्षालय, इटहरी उ.म.न.पा., सुनसरी | साझेदार | Pre-diploma in Hotel Management | ३० |
| ७ | आदर्श माध्यमिक विद्यालय, विराटनगर म.न.पा., मोरङ | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| ८ | मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड न.पा., झापा | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३५ |
| ९ | श्री दुर्गा माध्यमिक विद्यालय, उर्लाबारी न.पा., मोरङ | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २५ |
| १० | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम न.पा., इलाम | आङ्गिक | Pre-diploma in Tea Technology | ३० |
| ११ | श्री राष्ट्रिय माध्यमिक विद्यालय इटहरी उ.म.न.पा., सुनसरी | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | ४०० |

**मधेश प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी गाउँपालिका वडा नं. ०२, बारा | आङ्गिक | Pre-diploma in Electrical Engineering | ३० |
| २ | बि.पी. स्मृति बहुप्राविधिक शिक्षालय, लक्ष्मीनिया गाउँपालिका वडा नं. ०४ सपही, धनुषा | आङ्गिक | Pre-diploma in Electrical Engineering | ४० |
| ३ | लहान प्राविधिक शिक्षालय, लाहान नगरपालिका-१०, सिराहा | आङ्गिक | Pre-diploma in Mechanical Engineering | २० |
| ४ | दीपनारायण आदर्श नमुना मा.वि. सखुवा प्रसौनी गाउँपालिका वडा नं. ०२, औराहा पचगावा, पर्सा | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | १४० |

**बागमती प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | श्री बछौली माध्यमिक विद्यालय, रत्ननगर न.पा., चितवन | TECS सामुदायिक | Pre-diploma in Hotel Management | ४० |
| २ | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर म.न.पा., चितवन | आङ्गिक | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| 3 | नारायणी नमुना माध्यमिक विद्यालय, म.न.पा., चितवन | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३० |
| ४ | श्री निर्मल माध्यमिक विद्यालय, हेटौँडा उ.म.न.पा., मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ५ | नेपाल भारत मैत्री बहुप्राविधिक शिक्षालय, हेटौँडा उ.म.न.पा., मकवानपुर | आङ्गिक | Pre-diploma in Mechanical Engineering | २० |
| ६ | पनौती प्राविधिक शिक्षालय, पनौती न.पा., काभ्रेपलाञ्चोक | आङ्गिक | Pre-diploma in Automobile Engineering | २० |
| ७ | मदन आश्रित मेमोरियल पोलिटेक्निक इन्स्टिच्युट, कागेश्वोरी-मनोहरा न.पा., काठमाडौँ | साझेदार | Pre-diploma in Hotel Management | ४० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ८ | बूढानीलकण्ठ माध्यमिक विद्यालय, बूढानीलकण्ठ न.पा., काठमाडौँ | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| ९ | बासु माध्यमिक विद्यालय, भक्तपुर न.पा., भक्तपुर | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३० |
| १० | वागीश्वरी माध्यमिक विद्यालय, भक्तपुर न.पा., भक्तपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ११ | श्री भुटनदेवी माध्यमिक विद्यालय, हेटौँडा उ.म.न.पा., मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| १२ | श्री जनजागृति माध्यमिक विद्यालय, हेटौँडा उ.म.न.पा., मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Automobile Engineering | २० |
| १३ | नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा नगरपालिका | आङ्गिक | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Hotel Management | ४० |
| १४ | पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालय, विदुर ना.पा. -१ | आङ्गिक | Pre-diploma in Hotel Management | २० |
| १५ | शंखरापुर बहुप्राविधिक शिक्षालय, शंखरापुर न.पा, साँखु | आङ्गिक | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| १६ | दिनेश रामजी बहुप्राविधिक शिक्षालय, चौतारा न.पा -०५, सिन्धुपाल्चोक | आङ्गिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| १७ | श्री जनप्रिय माध्यमिक विद्यालय, हेटौँडा उप न पा, मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | ३० |
| १८ | श्री लुभू माध्यमिक विद्यालय, महालक्ष्मी नगरपालिका -०८ ललितपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| १९ | सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्युट, कमलामाई -०६, सिन्धुली | साझेदार | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| २० | बालाजु स्कुल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी, बालाजु काठमाडौँ | आङ्गिक | Pre-diploma in Mechanical Engineering | २० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | ६२० |

**गण्डकी प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | जनता माध्यमिक विद्यालय, कावासोती न. पा.-१०, नवलपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| २ | गोरखा बहुप्राविधिक शिक्षालय, पालुङ्टार न. पा. -०४ गोरखा | आङ्गिक | Pre-diploma in Electrical Engineering | २० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ३ | निर्मल माध्यमिक विद्यालय. ब्यास न.पा.-०१ तनहुँ | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ४ | पोखरा प्राविधिक शिक्षालय, पोखरा म.न.पा. -११, कास्की | आङ्गिक | Pre-diploma in Hotel Management | ४० |
| | | | Pre-diploma in Automobile Engineering | ३० |
| ५ | रणबीर जनहित माध्यमिक विद्यालय. वालिङ न. पा.-०१, स्याङ्जा | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ६ | धौलागिरी प्राविधिक शिक्षालय, थसाङ गा. पा.-०३, मुस्ताङ | आङ्गिक | Pre-diploma in Hotel Management | २० |
| ७ | गण्डकी बहुप्राविधिक शिक्षालय, पोखरा महानगरपालिका-२९, कास्की | साझेदार | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | २६० |

**लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | त्रिभुवन माध्यमिक विद्यालय, कोहलपुर, बाँके | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| २ | माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर उ.म.न.पा., दाङ | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| ३ | सरस्वती माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २५ |
| ४ | पब्लिक माध्यमिक विद्यालय, सियारी गा.पा., रुपन्देही | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २५ |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ५ | श्री शान्ति नमुना माध्यमिक विद्यायल, तिलोत्तमा न. पा., रुपन्देही | TECS सामुदायिक | Pre-diploma in Mechanical Engineering | ३० |
| | | | Pre-diploma in Hotel Management | ४० |
| ६ | महाकवि देवकोटा माध्यमिक विद्यालय, सुनवल न.पा., नवलपरासी | TECS सामुदायिक | Pre-diploma in Automobile Engineering | २० |
| ७ | श्री राष्ट्रिय नमुना माध्यमिक विद्यालय, मधुवन न. पा., बर्दिया | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | Pre-diploma in Electrical Engineering | २० |
| ८ | श्री शिद्धरत्ननाथ माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २५ |
| | | | Pre-diploma in Information Technology | २० |
| ९ | जनता माध्यमिक विद्यालय, तिलोत्तमा न.पा., रुपन्देही | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| १० | श्री पूर्ण हिरा माध्यमिक विद्यालय, बाँसगढी न.पा., बर्दिया | TECS सामुदायिक | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Mechanical Engineering | २० |
| ११ | रुपन्देही लीलाराम न्यौपाने माध्यमिक विद्यालय, सिद्धार्थ नगर रुपन्देही | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३५ |
| १२ | पद्योदय पब्लिक नमुना माध्यमिक विद्यालय, घोराही, दाङ | TECS सामुदायिक | Pre-diploma in Automobile Engineering | २० |
| १३ | बुटवल टेक्निकल इन्स्टिच्युट, बुटवल रुपन्देही | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | Pre-diploma in Electrical Engineering | ४० |
| | | | Pre-diploma in Mechanical Engineering | ४० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | ५६० |

**कर्णाली प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, वीरेन्द्रनगर नपा-०६, सुर्खेत | TECS सामुदायिक | Pre-diploma in Information Technology | ४० |
| २ | मालिका माध्यमिक विद्यालय, चिङगाड गा.पा.-०४, मतेला, सुर्खेत | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| ३ | महेन्द्र माध्यमिक विद्यालय, नारायण नपा-०४, सोत दैलेख | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ४ | कृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालय, वीरेन्द्रनगर नपा-०७, इत्राम, सुर्खेत | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ५ | योगी नरहरी अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, वीरेन्द्रनगर नपा-०७, इत्राम, सुर्खेत | साझेदार | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | १६० |

**सुदूरपश्चिम प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / सङ्ख्या |
|---|---|---|---|---|
| १ | धनगढी पोलिटेक्निक इन्स्टिच्युट, धनगढी -०६, कैलाली | साझेदार | Pre-diploma in Hotel Management | ४० |
| | | | Pre-diploma in Automobile Engineering | २० |
| २ | शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, शुक्लाफाँटा-११, झलारी, कञ्चनपुर | आङ्गिक | Pre-diploma in Automobile Technology | २० |
| ३ | सरस्वती माध्यमिक विद्यालय, मनेहरा , धनगढी-०७, कैलाली | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ४ | टिकापुर पोलिटेक्निक इन्स्टिच्युट, टिकापुर-०५, कैलाली | आङ्गिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ५ | बैजनाथ माध्यमिक विद्यालय भीमदत्त-०४, कञ्चनपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ६ | महेन्द्रनगर माध्यमिक विद्यालय भीमदत्त-१८, कञ्चनपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| ७ | भृकुटी माध्यमिक विद्यालय भीमदत्त-०४, कञ्चनपुर | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ८ | पद्योदय माध्यमिक विद्यालय, धनगढी-०५, हसनपुर, कैलाली | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ९ | शारदा माध्यमिक विद्यालय, धनगढी-०२, बैयावेहडी, कैलाली | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| | | | **जम्मा कोटा/सङ्ख्या** | २२० |

बाँकी पृष्ठ ११ मा

पृष्ठ १० को बाँकी

**ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखा मार्फत सञ्चालन हुने नेपाल सरकार तर्फको औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रम अन्तर्गतका शिक्षण संस्थाहरू:**

| क्र.सं. | प्रदेश | सिफारिस शिक्षालय/ विद्यालयहरूको नाम र ठेगाना | सिफारिस गरेको औद्योगिक प्रशिक्षार्थी कार्यक्रम | सिफारिस गरेको कोटा/ सङ्ख्या (जना) | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | जनप्रिय माध्यमिक विद्यालय, बूढीगंगा, मोरङ | Pre-diploma in Information Technology | ३० | |
| २ | मधेश प्रदेश | श्री जनता माध्यमिक विद्यालय, चन्द्रोदयपुर, गोलबजार न.पा.-९, सिरहा | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० | |
| ३ | | श्री दीप नारायण आदर्श नमुना माध्यमिक विद्यालय, सखुवा प्रसौनी गाउँपालिका-२, पर्सा | Pre-diploma in Civil Engineering | ३० | |
| ४ | बागमती प्रदेश | श्री गम्भिर समुद्र सेतु माध्यमिक विद्यालय, महालक्ष्मी-२, इमाडोल, ललितपुर | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३५ | |
| ५ | गण्डकी प्रदेश | शिव माध्यमिक विद्यालय, बुलिङ्टार, नवलपरासी | Pre-diploma in Civil Engineering | ४० | |
| ६ | लुम्बिनी प्रदेश | माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर, दाङ | Pre-diploma in Electrical Engineering | ३० | |
| ७ | सुदूरपश्चिम प्रदेश | श्री सरस्वती माध्यमिक विद्यालय, धनगढी-७, मनिहरा, कैलाली | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० | |
| | | | **जम्मा** | **२२५** | |

**४. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू:**

१) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो,

२) SLC/SEE मा सहभागिता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३) नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रमाणित प्रतिलिपि ।

**५. छनोट प्रक्रिया सम्बन्धी कार्यक्रम:**

क. आवेदन फाराम वितरण गर्ने मिति : २०८१ असोज ०४ गतेदेखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थान : सम्बन्धित शिक्षालयहरू वा परिषद्को **वेबसाइट** **https:/www.ctevtexam.org.np** वा **https://www.enssure.org.np** बाट डाउनलोड गरी फाराम नि:शुल्क भराउनुपर्नेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८१ असोज १८ गतेसम्म ।

घ. ITMS online मा Entry गर्ने अन्तिम मिति : सम्बन्धित शिक्षण संस्थाले आवेदन फाराम भर्ने अन्तिम मितिको भोलिपल्ट सम्ममा ITMS online मा अनिवार्य रूपमा Entry गराउनुपर्नेछ ।

ङ. लिखित प्रवेश परीक्षा हुने मिति र समय : २०८१ कात्तिक ३ गते, शनिबार, बिहान ८:०० बजे

च. लिखित प्रवेश परीक्षा सञ्चालन हुने स्थान : सम्बन्धित शिक्षण संस्था

छ. अन्तर्वार्ता हुने मिति र समय : २०८१ कात्तिक ३ गते, शनिबार, दिउँसो १:०० बजेदेखि

ज. अन्तर्वार्ता सञ्चालन हुने केन्द्रहरू : सम्बन्धित शिक्षण संस्था

**६. औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधा :**

(क) नि:शुल्क अध्ययनको अवसर ।

(ख) यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रु. १००।– दरले उपलब्ध हुने ।

**७. उत्तीर्ण सूचीमा रहने परीक्षार्थीका सम्बन्धमा :**

लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमका लागि सम्मिलित भएको हो त्यही कार्यक्रममा मात्र योग्यता क्रमानुसार भर्ना हुन सक्नेछ । तर अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन ।

**८. शुल्क सम्बन्धमा**

प्रवेश परीक्षा शुल्क परीक्षार्थीहरूबाट शिक्षण संस्थाले लिन पाउनेछैन । तर सम्बन्धित शिक्षण संस्थाले प्रति परीक्षार्थी रु. ५००।– का दरले र सूचना प्रकाशन शुल्क बापत रु. ५,०००।– त्यसपछि प्रति थप कार्यक्रमका लागि रु. ३,०००।– का दरले एकमुष्ट रकम सम्बन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा जम्मा गर्नुपर्नेछ र पछि ENSSURE परियोजनाबाट सोधभर्ना माग गर्नुपर्नेछ ।

**नोट:** विद्यार्थी छनोट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनोट प्रकृया मर्यादित एवं निष्पक्ष रूपमा सञ्चालन गर्न, गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्को प्रदेश कार्यालयहरू: इटहरी–सुनसरी, जनकपुर-धनुषा, हेटौंडा–मकवानपुर, पोखरा–कास्की, बुटवल–रुपन्देही, वीरेन्द्रनगर–सुर्खेत, धनगढी–कैलाली, ENSSURE परियोजनाका कार्यालयहरू र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**यो सूचना https://www.ctevtexam.org.np वा https://www.enssure.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**